# ३.४ लुम्बिनी प्रदेशमा सार्वजनिक सरोकारका रिट निवेदन र कार्यान्वयनको अवस्था

लुम्बिनी प्रदेशका तुलसीपुर उच्च अदालत र तुलसीपुर उच्च अदालत, नेपालगञ्ज इजलासबाट विगतका वर्षहरूझैं सन् २०२२ मा सार्वजनिक सरोकारको विषयमा आदेश/फैसला भए। ती अदालतहरूबाट भएका आदेश/फैसलाहरूको तथ्याङ्कहरू हेर्दा यसको प्रयोग बढेको देखिन्छ। यी अदालतहरूबाट स्वास्थ्य, शिक्षा, वातावरण, खाद्य, सडक दुर्घटना, कोभिड १९ बीमा, एलपीजी ग्याँस लगायतका अन्य विषयहरूमा आदेश तथा परमादेश जारी भए।

सर्वसाधारण वा कुनै जनसमुदायको सामूहिक हकहित वा सरोकारसँग सम्बन्धित विषय वा विवाद नै सार्वजनिक सरोकारको विषय हो। सार्वजनिक हकको प्रचलनका लागि प्रत्येक नागरिकले सबै प्रकारका रिट निवेदन दायर गर्न पाउँछ। तर, त्यस्तो सरोकार, कानुन र संविधानमा आधारित र अदालतबाट निरूपण हुने प्रकृतिको हुनुपर्ने कानुनी व्यवस्था छ। देशको सुरक्षा, शासन व्यवस्था, सामाजिक शान्ति, जनसाधारणको शिक्षा, स्वास्थ्य, नैतिकता, देशको आर्थिक अवस्था, सामाजिक न्यायका सवाल लगायत आमनागरिकका साझा सरोकारका विषयवस्तु सार्वजनिक हक र सरोकारको विषय भित्र पर्दछन्।

नेपालको संविधानको धारा १४४(१)(२) मा भएको व्यवस्था बमोजिम उच्च अदालत तथा जिल्ला अदालतमा मौलिक हकलाई प्रचलन गराउनका लागि अर्को उपचारको व्यवस्था नभएको र व्यवस्था भए पनि अपर्याप्त र प्रभावहीन देखिएमा सोको प्रचलनका लागि सार्वजनिक हक वा सरोकारको कुनै विवादमा आदेश जारी गर्ने अधिकार उच्च अदालतलाई तोकिएको पाइन्छ।

सामान्य अर्थमा सार्वजनिक हित र सरोकार निहित विषयसँग सम्बन्धित विवादलाई सार्वजनिक सरोकारको विवाद भन्न सकिन्छ। हकदैयासम्बन्धी परम्परागत अवधारणा अनुसार 'जसको जुन कुरामा हक पुग्छ' अथवा जसको हक अधिकारमा आघात पुगेको हुन्छ सो को उपचारका लागि उसैले अदालतमा उपचार माग्न जानु पर्छ भन्ने हो। तर, कुनै विषय कुनै खास व्यक्तिको व्यक्तिगत हक हित वा सरोकारसँग मात्र सम्बन्धित नभएर कुनै समुदाय वा जनसाधारणको सामूहिक हकहितमा सम्बन्धित रहेको हुन्छ। यस्तो अवस्थामा खास पीडित व्यक्ति आउन नसकेकै कारणले मात्र यी विषयहरू उपचारविहिन रहन नपाओस् भन्ने उद्देश्यले यस्तो विषयमा जोसुकैले पनि अदालतमा विवाद लैजान पाउने व्यवस्था गरिएको हुन्छ।

विगत तीन वर्षको अवधिमा इन्सेक र अन्यले पनि लुम्बिनी प्रदेशका उच्च अदालत तुलसीपुर र नेपालगञ्ज इजलासमा सार्वजनिक सरोकारका विषयमा दायर गरेका रिट निवेदन र फैसला कार्यान्वयनको अवस्था उत्साहजनक देखिँदैन। सार्वजनिक सरोकारका विभिन्न साझा विषयमा दायर भएका मुद्दासँग सम्बन्धित रहेका स्थानीय सङ्घ संस्था र कानुन व्यवसायीहरू तथा सरोकारवालाहरू दुबै उच्च अदालतबाट भएका फैसलाहरूको कार्यान्वयनमा चुनौती देख्छन्।

अध्ययनमा समावेश गरिएका सन्दर्भमा उच्च अदालत, तुलसीपुर र सोही अदालतको नेपालगञ्ज इजलासले आदेश जारी गरेको देखिन्छ। कोभिड-१९ का बीमितहरूको अधिकारसम्बन्धी रिटमा आदेश जारी गरे। तर, बीमितहरूमध्ये थोरै सङ्ख्याले मात्र बीमावापतको लाभ प्राप्त गरे। त्यसैगरी, सवारी साधनको सञ्चालनमा यात्रुको अधिकार संरक्षणको सरोकारमा आदेश जारी भयो तर, कार्यान्वयन पक्ष एकदमै फितलो देखियो। विद्यालय भर्ना, पोशाक र पाठ्यपुस्तकको सहज र समयमै उपलब्धताका लागि दर्ता गरिएको रिटमा वर्षको अन्त्यसम्म आदेश जारी भएन। रिट उच्च अदालतमा विचाराधीन रहेको छ।

स्वच्छ वातावरणको अधिकारका लागि दर्ता गरिएको सार्वजनिक सरोकारको रिटमा अदालतबाट आदेश जारी भयो र त्यसको आंशिक कार्यान्वयन आरम्भ भएको देखियो। अवस्थाको विश्लेषण गर्दा सार्वजनिक सरोकारका विषयमा आदेश कार्यन्वयनका लागि सामाजिक अभियान सञ्चालन गर्न आवश्यक

| तालिका : रिट निवेदनहरूको विवरण (तल उल्लेखित रिटहरूमा इन्सेकसमेत रिट निवेदक भइ दायर भएका मुद्दा) | | | | | | |
|---|---|---|---|---|---|---|
| क्र. सं. | आ.व. | मुद्दा | मुद्दाको विषय (शीर्षक) | अदालत | फैसला/आदेश मिति | आदेश/फैसला |
| १. | ०७७।७८ | परमादेश | कोभिड १९ बीमासम्बन्धी | उच्च अदालत तुलसीपुर र नेपालगञ्ज इजलास | २०७९ असार ८ गते | बीमा सम्झौता बमोजिमको रकम बीमितलाई भुक्तानी गरी सो को जानकारी अदालतलाई गराउनु भनी रिट जारी भएको। |
| २. | ०७७।७८ | परमादेश | स्वास्थ्य, वातावरणसम्बन्धी (एलपी ग्याँस र ग्याँस उद्योग सम्बन्धी) | उच्च अदालत, तुलसीपुर नेपालगञ्ज इजलास | २०७७ चैत ११ गते | ग्याँस सिलिण्डर र पेट्रोल पम्पका विषयमा विभिन्न १४ बुँदामा आदेश र ६/६ महिनामा रजिष्ट्रार मार्फत प्रतिवेदन पेश गर्ने। |
| ३. | ०७८/७९ | उत्प्रेषण परमादेश | स्वस्थ्य वातावरण सडक समेत | उच्च अदालत, तुलसीपुर | २०७९ जेठ १३ अन्तरिम आदेश जारी | काम सम्पन्न भइसकेको हुँदा मिति २०७९ जेठ १३ गते जारी अन्तरिम आदेश मिति २०७९ माघ २२ गते फैसला हुँदा रिट खारेज हुने। |
| ४. | ०७८।७९ | परमादेश | कोभिड १९ सङ्कट व्यवस्थापन ञ्चालन केन्द्रम्बन्धी | उच्च अदालत, तुलसीपुर नेपालगञ्ज इजलास | २०७९ असार १ गते | कोभिड १९ को महामारी रोकथाम तथा सुलभ तरिकाले गुणस्तरीय स्वास्थ्य सेवामा आम नागरिकको पहुँच कायम हुने गरी रोकथाम तथा नियन्त्रण तथा उपचारका लागि प्रगति विवरण तीन/तीन महिनामा उपलब्ध गराउनु भनी निर्देशनात्मक आदेश जारी भएको। |
| ५. | ०७९। ८० | परमादेश | शिक्षाम्बन्धी विद्यालय भर्ना, पोशाक र प्रकाशनम्बन्धी | उच्च अदालत, तुलसीपुर नेपालगञ्ज इजलास | २०७९ जेठ २० गते अन्तरिम आदेश जारी | विचाराधीन |
| ६. | ०७९/८० | परमादेश | सडक दुर्घटना र वातावरण सम्बन्धी | उच्च अदालत, तुलसीपुर नेपालगञ्ज इजलास | २०७९ भदौ २२ गते | सवारी तथा यातायत व्यवस्थाको सरक्षण एवं सम्वर्द्धन र यस अदालतबाट भएको पूर्व आदेश र प्रस्तुत आदेशको कार्यान्वयनको अवस्था बारेमा  नियमित अनुगमन तथा निरीक्षण गरी आवधिक प्रतिवेदन जिल्ला प्रशासन कार्यालयले राखी सोको एकप्रति जानकारी यस अदालत समक्ष पेश गर्ने व्यवस्था मिलाउनु भनी विभिन्न सात बुँदामा काम गर्न रिट जारी। |

*(स्रोत: उच्च अदालत तुलसीपुर दाङ र उच्च अदालत तुलसीपुर, नेपालगञ्ज इजलास)*

देखिन्छ भने अदालत तथा आदेश जारी गर्ने निकायले पनि कार्यान्वयनको अवस्था अनुगमन गर्नुपर्ने देखिन्छ। फैसला कार्यान्वयन गर्न उच्च अदालतहरूमा प्रशासनिक कार्य हेर्न रजिष्ट्रारलाई कानुन बमोजिम जिम्मेवारी दिइएको देखिन्छ। उच्च अदालत नियमावली २०७३ मा रजिष्ट्रारको काम, कर्तव्य र अधिकार तोकिएको छ।

**सार्वजनिक सरोकारका रिट, आदेश र प्रभाव**

सार्वजनिक सबै कार्यालय वा कार्यालय प्रमुखले आ-आफ्नै व्याख्या विश्लेषणबाट कानुनको प्रयोग गर्ने हुँदा अदालतबाट भएका आदेशलाई मान्न तयार नहुने व्यहारमा देखिएको छ। कतिपय अवस्थामा अदालतले दिएको आदेशलाई सम्बन्धित मन्त्रालयको परिपत्रले काम गर्न बाधा पुगेको भनी आदेश/फैसलाको कार्यान्वयन पक्षलाई फितलो बनाएको देखिन्छ। समग्रमा सबै आदेश/फैसलाहरूले व्यक्तिका हक अधिकारलाई सहजै प्रचलन गराउन अदालतका आदेश/फैसलाको विश्लेषण गर्न आवश्यक देखिन्छ।

१. रिट निवेदक सुनिलकुमार श्रेष्ठसमेत र विपक्षी भेरी अस्पताल, बाँकेसमेत भएको रिट २०७८ असार ८ गते उच्च अदालत तुलसीपुर नेपालगञ्ज, इजलासमा दर्ता गरिएको थियो। उक्त रिटमा कोभिड १९ जोखिम र सङ्क्रमण व्यवस्थापन, उपचार तथा खोप कार्यक्रम लगायतका आमजनसरोकारको कृयाकलापको सम्बन्धमा सम्बन्धित निकायको प्रवक्ता मार्फत जिल्लावासी समक्ष प्रभावकारी रुपमा सूचना सम्प्रेषण गर्नू सो कार्यमा स्थानीय तह, सामाजिक सङ्घ संस्था र सञ्चारकमीहरूसँग प्रभावकारी सहकार्य गर्नू र आदेश कार्यान्वयन भए नभएको सम्बन्धमा आवधिक विवरण प्रत्येक महिना यस अदालतमा पठाउने व्यवस्था मिलाउनू भनी उच्च अदालत नियमावली २०७३ को नियम ४२(१) बमोजिम विपक्षीहरूको नाममा मिति २०७८ असार १४ गते अन्तरिम आदेश जारी भएको थियो।

   कोभिड १९ को महामारी रोकथाम तथा सर्वसुलभ गुणस्तरीय स्वास्थ्य सेवामा आम नागरिकको पहुँच कायम हुने गरी रोकथाम तथा नियन्त्रण तथा उपचारको लागि प्रगति विवरण ३/३ महिनामा उपलब्ध गराउनु भनी निर्देशनात्मक आदेश जारी भए पनि फैसलाले दिएको निर्देशन, स्रोत साधनको अभावका कारण व्यवस्थापन र व्यवस्थित हुन नसकी कार्यान्वयन हुन सकेको देखिँदैन। आदेश वा फैसलाले तोकिएको जिम्मेवारी ती निकायहरूले समयमै व्यवस्थापन गर्न नसकेको र सो कार्यमा राज्य उदासिन देखियो।

२. रिट निवेदक भरतराज देवकोटा समेत विपक्षी घोराही सिमेन्ट इण्डष्ट्रिज प्रालि, दाङसमेत भएको रिट २०७७ चैत ५ गते उच्च अदालत, तुलसीपुर, दाङमा दर्ता गरिएको थियो। उक्त मुद्दामा घोराही सिमेन्ट इण्डष्ट्रिज प्रालिको धुलो धुँवाका कारण उद्योग क्षेत्र रहेको घोराही नपा-४ गोग्ली र लक्ष्मीपुर तथा खानी प्रभावित क्षेत्र बंगलाचुली गाउँपालिकाको जुम्लेपानी लगायतका गाउँका स्थानीयको वातावरण, स्वास्थ्य, प्रजनन् र खाद्य अधिकारमा असर पारेको भन्ने निवेदन जिकिर छ। तत्सम्बन्धमा नियमनकारी निकाय जनसङ्ख्या तथा वातावरण मन्त्रालय, वातावरण विभागबाट भएको निरीक्षण प्रतिवेदनमा ल्याइएका वातावरणमा प्रतिकूल असर पार्ने कार्यहरूलाई नियन्त्रण गर्नको लागि ब्याग फिल्टर, लेलेक्ट्रोस्ट्याकिट प्रिसिपेटेटर/विद ब्रेकिङ वाल (Bag Filter, Lelectrostatic Precipitator / Wid Breaking Wall) जस्ता कार्यहरू तत्काल व्यवस्थित गर्नू गराउनू र खानेपानीको स्रोतलाई खलबल नपुऱ्याउने गरी खानेपानीको व्यवस्थापन गर्नू र सडकमा धुलो नउड्ने गरी पानीको फोहरा व्यवस्थापन समेत तत्काल गर्नू गराउनु भनी निवेदनको अन्तिम टुङ्गो नलाग्दाको अवस्थासम्मको लागि विपक्षीमध्येका घोराही सिमेण्ट इण्डष्ट्रिज प्रालिका नाममा उच्च अदालत नियमावली, २०७३ को नियम ४२ बमोजिम अन्तरिम आदेश समेत जारी गरेको थियो।

   उक्त मुद्दामा मिति २०७८ माघ २१ गते

भएको फैसला अनुसार गठित अनुगमन समितिले वातावरणीय प्रभाव र असर समेतका ६ ओटा विविध विषय समावेश गरी दिएको प्रतिवेदन बमोजिम खोलाको पानी र वृक्षारोपण जस्तो सार्वजनिक सरोकार र महत्वको विषय समावेश भएको हुँदा अब उद्योगबाट निस्केको फोहर सोझै कुनै पनि खोलामा पठाउने कार्य नगर्नू, उद्योगमा जडान भएका ब्याग फिल्टर (Bag Filter) समेतका उपकरणहरूको व्यवस्थापन गर्नू भनी आदेश जारी भएको थियो।

उच्च अदालतको आदेशले सिङ्गो गाउँ समाजमा वातावरण, स्वास्थ्य र खाद्यको विषय सुनिश्चित त गरायो तर, व्यवहारमा भए नभएको अनुगमन नहुँदा आदेश पूरै कार्यान्वयन भएको देखिँदैन।

३. रिट निवेदक विकास आचार्य समेत विपक्षी राष्ट्रिय बीमा कम्पनी लिमिटेड नेपालगञ्ज शाखासमेत भएको परमादेश समेत मुद्दामा कोरोना बीमाको रकम भुक्तानी नपाएका आम नागरिकहरू समेतको तर्फबाट विभिन्न बीमा कम्पनीहरूलाई विपक्षी बनाई २०७७ फागुन ५ गते उच्च अदालत तुलसीपुर, नेपालगंज इजलासमा रिट दायर गरिएको थियो।

उक्त मुद्दामा २०७९ असार ८ गते फैसला सुनाउँदै उच्च अदालतले बीमा सम्झौता बमोजिमको रकम बीमितलाई भुक्तानी गरी सो को जानकारी अदालतलाई गराउनु भनी आदेश गरेको थियो। सो फैसला बमोजिम बीमा कम्पनीहरूले कोभिड बीमाको रकम भुक्तानी गरेका र केही व्यक्तिहरूको रकम भुक्तानी हुने प्रकृयामा रहको देखियो। सो फैसलाको प्रभाव समग्रमा सकारात्मक देखिएको छ।

४. रिट निवेदक लोक बहादुर शाह समेत विपक्षी यातायात व्यवस्था कार्यालय, नेपालगञ्ज, बाँके समेत भएको परमादेश समेत मुद्दामा सवारी तथा यातायात ऐन २०४९ लगायतका अन्य कानुनले प्रत्याभूत गरेका कानूनी व्यवस्थाहरूलाई व्यवहारमा प्रयोगमा ल्याउन आदेश माग्दै २०७९ जेठ २७ गते उच्च अदालत तुलसीपुर, नेपालगञ्ज इजलासमा रिट दर्ता गरिएको थियो।

उक्त मुद्दामा सवारी तथा यातायात क्षेत्रमा देखा परेका जोखिमलाई तत्काल न्यूनीकरण गरी सर्वसाधारण यात्रुको हितको संरक्षण गर्न उच्च अदालत नियमावली २०७३ को नियम ४२(१) बमोजिम तत्काल मोटसाइकल, स्कुटर लगायत दुई पाङ्ग्रे सवारी साधन हेल्मेट नलगाइ चलाउने कार्यलाई तत्कालै नियन्त्रण गर्नू, सवारी साधनको नियमित चेक जाँच गरी ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका नागरिकहरूका लागि छुट्याइएका सिटहरूको उपयोग भए नभएको अनुगमन गर्नू, सवारी साधन सञ्चालन गर्दा तोकिएको सिट क्षमता सङ्ख्या भन्दा बढी यात्रुहरू सवारी साधनमा नराख्ने प्रबन्ध गर्नू भनी २०७९ जेठ १८ मा अन्तरिम आदेश जारी भएको थियो।

उक्त फैसला पश्चात ट्राफिक प्रहरीले फैसला कार्यान्वयन गर्न अदालतबाट जारी भएका आदेश अनुसारको सवारी साधनहरूलाई चेक जाँच गर्ने र कानुन बमोजिम भए नभएको हेर्ने काम भएको देखिन्छ। तथापि कार्यान्वयन पक्ष कमजोर छ।

५. रिट निवेदक बसन्त गौतम समेत विपक्षी जिल्ला शिक्षा विकास तथा समन्वय एकाइ, बाँके समेत भएको परमादेश माग गर्दै आम नागरिकको शिक्षासम्बन्धी हक अधिकार संरक्षणका लागि २०७९ जेठ ५ गते उच्च अदालत तुलसीपुर नेपालगंज इजलासमा रिट दर्ता गरिएको थियो।

उक्त मुद्दामा अदालते २०७९ जेठ २० गते नियमनकारी निकाय स्थानीय तह, प्याब्सन, एन प्याब्सन र जिल्ला शिक्षा विकास तथा समन्वय एकाइ बाँके र बर्दियाका नाममा अन्तरिम आदेश जारी गऱ्यो। सो आदेश बमोजिम निजी विद्यालयहरूले पोशाक, पुस्तक, शुल्क वृद्धि लगायतका विषयमा हालसम्म स्थानीय पालिका अन्तर्गत रहेका

शिक्षा शाखाबाट उक्त आदेशलाई प्रभावकारी रूपमा कार्यान्वयन गराउन अनुगमन गरेको र व्यवस्थापन गर्नको लागि निर्देशन दिएको देखिँदैन। उक्त मुद्दा विचराधीन अवस्थामा रहेको छ

६. रिट निवेदक विकास आचार्य समेत विपक्षी नेपाल आयल निगम ५ नं. प्रदेश कार्यालय, भैरहवा समेत भएको मुद्दामा एलपी ग्याँस सिलिण्डरलाई तौल गरेर बिक्री गर्नुपर्ने, सिलको विश्वसनीयता हुनुपर्ने, म्याद समाप्त हुने मिति देखिनुपर्ने र पेट्रोल पम्पमा आवश्यक पर्ने बाल्टी, बेल्चा बालुवा लगायतको पानीको क्षमताको व्यवस्था मिलाउन माग गर्दै अन्तरिम आदेश जारी गरी पाउँ भनी २०७६ फागुन १६ गते उच्च अदालत तुलसीपुर, नेपालगञ्ज इजलासमा रिट दर्ता गरिएको थियो।

उक्त मुद्दामा निवेदकले माग गरेको अन्तरिम आदेशको सम्पूर्ण विषयहरू रिट निवेदनको अन्तिम निर्णयमा सम्बोधन हुने हुँदा तत्काल अन्तरिम आदेश जारी गरिरहनु पर्ने अवस्था नभएको भनी २०७६ चैत ७ गते परमादेश भएको थियो।

पेट्रोल पम्पमा अतिआवश्यक फायर एस्टिङ्गुइसर, बाल्टी, बेल्चा, बालुवा र १ हजार लिटर क्षमताको पानी ट्याङ्की व्यवस्था मिलाउन, रोजगारदातालाई अनिवार्य अग्नी नियन्त्रणको तालिमको व्यवस्था गर्नू, गराउनू, एलपी ग्याँस सिलिण्डर तौल गरेर मात्र बिक्री गर्नू, गराउनू, उपभोक्ता हकहित र सरोकारमा काम गर्ने संस्था व्यक्तिलाई रोहवरमा राखी म्याद समाप्त मिति भएका सिलिण्डरलाई नष्ट गर्नु गराउनू, म्याद समाप्त मिति पूरा भएका सिलिण्डरको भुई भागमा कार्टेनिग गरी पुन: पेन्ट गरी मिति राख्ने तथा बिक्रीका लागि बजारमा पठाउने र पठाउन लगाउने कार्य रोकी सो सम्बन्धमा अनुगमन गरी अधिकृत बिक्रेता, ग्याँस उद्योग र आयल निगमबीच छलफल गर्ने र सचेतना फैलाउने कार्य गर्नू भन्ने लगायतका विषय समेटिएका उक्त फैसला २ वर्षसम्म कार्यान्वन भएको पाइँदैन।

उच्च अदालत तुलसीपुर, नेपालगञ्ज इजलासबाट स्वास्थ्य, शिक्षा, वातावरण, विद्युत, दैविक प्रकोप, बाल अधिकार, यातायात, धार्मिक तथा साँस्कृतिक स्थल, सूचनाको हक, नाकाबन्दी, नागरिकता प्राप्त गर्नेसम्बन्धी विषय, कारागार कैदी बन्दी, पशुपंक्षी, स्थानीय सरकार विकास, भूमि सुधार तथा मालपोत, स्थानीय कर, शुल्क र खाद्य लगायतका विषयमा उच्च अदालत तुलसीपुर, नेपालगञ्ज इजलासमा मुद्दा दर्ता भएका थिए। उच्च अदालत तुलसीपुर दाङ र उच्च अदालत तुलसीपुर नेपालगंज इजलासमा सार्वजनिक सारोकारका विषयमा हरेक वर्ष मुद्दा दर्ता हुने गरे पनि नेपालगञ्ज इजलासमा सरदर १५ देखि २५ थान मुद्दा दर्ता भएको देखिन्छ।

आदेश कार्यान्वयन हुन नसक्नुको प्रमुख कारण फैसला कार्यान्वयन गराउने सरकारी निकायहरूको फितलोपना नै हो। नेपालको संविधानको धारा १२६ बमोजिम मुद्दा मामिलाका रोहमा अदालतले दिएको आदेशको निर्णय सबैले पालना गर्नुपर्नेछ। यस्तो प्रष्ट व्यवस्था हुँदाहुँदै पनि ती आदेश फैसलालाई संविधान बमोजिम प्रयोगमा ल्याउन सरकारलाई अझ बढी जिम्मेवार बनाउन सकियो भने मात्र नागरिकले लोकतन्त्रको सही रूपमा अनुभूति गरेको मान्न सकिन्छ।

सार्वजनिक सरोकारको विषयमा अदालतबाट भएका आदेश/फैसलाहरूको माध्यमबाट उठान गरिएका विषयवस्तु प्राप्त भएको क्षण सरोकारवाला समुदायमा सन्तुष्टि छाउने गरेको देखिन्छ। त्यस्तो अवस्थामा एकातिर कानुनको सही प्रयोग भएको हुन्छ, अर्कोतर्फ कानुनको उपभोगकर्ताले आफूले प्राप्त गर्ने कानुन बमोजिमको अधिकार अभ्यास गर्न पाएको अनुभूति गर्दछ।

**कार्यान्वयनको अवस्था**

उच्च अदालतबाट भएका फैसलाले व्यक्तिका हक अधिकारलाई प्रयोग गर्न सहयोग पुऱ्याएको देखिन्छ। कतिपय अवस्थामा सार्वजनिक सरोकारमा काम गर्ने सङ्घ, संस्था र अभियन्ताले आवाज विहिनहरूको आवाज सम्बन्धित निकायहरूसम्म पुऱ्याएका छन्। अदालतले आदेश दिएर मात्र हुँदैन, त्यसलाई कार्यान्वयन गर्ने इच्छाशक्ति भनेकै राज्य संयन्त्रसँग जोडिएको हुन्छ। उच्च अदालतबाट हरेक सवालमा दिइने आदेश/फैसलाको कार्यान्वयनको पाटो आजको दिनसम्म सन्तोषजनक देखिएको भन्ने अवस्था छैन। हरेक कार्यालय वा कार्यालय प्रमुखका नाममा जारी हुने आदेश/फैसलाहरू कार्यान्वयन गर्ने सन्दर्भमा सरकारी कार्यालयहरूमा उदासिनता देखिन्छ। केही आदेश/फैसलाहरू कार्यान्वयन नभएका होइनन्। तर

एक वा एक भन्दा बढी कार्यालय वा संस्था विपक्षी भएका रिट निवेदनमा भएका आदेश कार्यान्वयन गराउने विषयमा भने चुनौती देखिँदै आएको छ।

शिक्षा, स्वास्थ्य, वातावरण र खाद्य लगायतका अन्य समसामयिक विषयमा उच्च अदालतबाट सार्वजनिक निकायका नाममा हुने गरेका आदेश/फैसलालाई राज्यको इच्छाशक्ति कमजोर भएका कारण अझै कार्यान्वयन हुन सकेका छैनन्।

**निष्कर्ष**

अध्ययनमा समावेश गरिएका सार्वजनिक सरोकारका अधिकांश रिटहरूका सन्दर्भमा उच्च अदालत तुलसीपुर र सोही अदालतको नेपालगञ्ज इजलासले आदेश जारी गरेको देखिन्छ। कोभिड-१९ का बीमितहरूको अधिकारसम्बन्धी रिटमा आदेश जारी गरिए यद्यपि बीमितहरू मध्ये थोरै सङ्ख्याले मात्र बीमावापतको रकम प्राप्त गरे। त्यसैगरी, सवारी साधनको सञ्चालनमा यात्रुको अधिकार संरक्षणको सरोकारमा आदेश जारी भएको भए पनि कार्यान्वयन पक्ष एकदमै फितलो देखियो। विद्यालय भर्ना, पोशाक र पाठ्यपुस्तकको सहज र समयमै उपलब्धताका लागि दर्ता गरिएको रिटमा वर्षको अन्त्यसम्म आदेश जारी भएन। यो रिट विचाराधीन रहेको छ।

स्वच्छ वातावरणको अधिकारको माग गर्दै दायर गरिएको सार्वजनिक सरोकारको रिटमा अदालतबाट आदेश जारी भयो र त्यसको आंशिक कार्यान्वयन आरम्भ भएको देखियो। अवस्थाको विश्लेषण गर्दा सार्वजनिक सरोकारका विषयमा आदेश कार्यान्वयनका लागि सामाजिक अभियान सञ्चालन गर्न आवश्यक देखिन्छ भने अदालत तथा आदेश जारी गर्ने निकायले पनि कार्यान्वयनको अवस्था अनुगमन गर्नुपर्ने देखिन्छ।

सार्वजनिक सरोकार कानुन व्यवसायी मञ्च, नेपालगञ्जले लुम्बिनी प्रदेशमा शिक्षा, स्वास्थ्य, खाद्य र वातावरण लगायतका सार्वजनिक सरोकारका विषयमा विभिन्न सङ्घ संस्था र कानुन व्यवसायीहरूसँग मिलेर रिट निवेदन दर्ता गर्दै आएको छ। सार्वजनिक सरोकारका रिट पहिचान गरी सम्बन्धित वर्ग, समुदायको हितको लागि सो विषयमा काम गर्ने सङ्घ, संस्थासँग छलफल गरी रिट दायर गर्न समन्वय र सहकार्य हुँदै आएको देखिन्छ। अदालतमा दायर भएका अधिकांश रिट निवेदनहरू सार्वजनिक जवाफदेही पदमा रहेका व्यक्तिहरूबाट कानुन बमोजिमको काम कर्तव्यबाट विमुख भएको विषयमा छन्। सम्बन्धित अधिकृत वा अख्तियारवालाले कानुन बमोजिमको दायित्व पूरा नगरेका कारण वैकल्पिक उपचारको माध्यमको रूपमा सार्वजनिक सरोकारको मुद्दाको प्रयोग भएको देखिन्छ।